- आयोजनागत रुपमा हेर्दा पश्चिम सेती जल विद्युत आयोजनाको सम्भाव्यता अध्ययन नै हुन सकेको छैन, दोश्रो अन्तर्राष्ट्रिय विमानस्थलको प्रारम्भिक काम नै शुरु भएको छैन, काठमाडौं तराई मधेश द्रुत मार्गको निर्माण गर्ने मोडालिटीमा नै अलमल देखिएको छ।
- यसैगरी पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा जग्गा प्राप्तिको समस्या ज्वलन्त रहेको छ भने मेलम्ची खानेपानी आयोजनाको काममा तीव्रता आउन सकेको छैन।
- सडक, रेलमार्ग र सिंचाइ नहर निर्माण सम्बन्धित आयोजनाहरु पनि जग्गा प्राप्ति, प्राविधिक जनशक्तिमा कमी, निर्माण सामाग्रीहरुको अभाव र ठेकेदारहरुको न्यूनस्तरको कार्य सम्पादनका कारण समस्यामा रहेका छन्।
- धेरैजसो आयोजनामा निकै कम अंकमा ठेक्का कबोल गर्ने र काम हुने बेलामा निर्माण व्यवसायी फेला नपर्ने समस्या देखिएको छ। निकै कम अंकमा ठेक्का कबोल गर्दा एकातिर काममा ढिलाइ हुने र अर्कोतिर कामको गुणस्तरमा पनि समस्या देखिने गरेको छ।

**समस्या समाधानका लागि सुझावहरु**

राष्ट्रिय गौरवका आयोजनाहरुको निर्माण कार्यलाई तीव्रता दिन पर्याप्त स्रोतको ब्यवस्था गर्नुको साथै प्रकृयागत विषयहरुलाई छोट्याउन उपयुक्त हुन्छ।

राष्ट्रिय गौरवका आयोजनाहरुको निर्माण कार्यमा संलग्न निर्माण ब्यवसायीहरुलाई समेत यी आयोजनाहरुको महत्वको बारेमा संवेदनशील हुन उत्प्रेरित गरी ढिलाइ गर्ने वा अनेकौ वहाना बनाइ दायित्वबाट पन्छिने प्रवृत्तिलाई निरुत्साहित गर्नु पर्दछ। यसका लागि विद्यमान कानूनी प्रावधानहरुको अधिकतम उपयोग गरिनु पर्दछ।

जग्गा प्राप्ति लगायतका स्थानीय समस्या हल गर्न समयवद्ध कार्य तालिका बनाइ कामलाई तिव्रता दिनु पर्दछ।

अन्तरनिकाय समन्वयलाई सुदृढ गर्न नेपाल सरकारका मुख्य सचिवको संयोजकत्वमा रहेको संस्थागत ब्यवस्था र चालु आर्थिक वर्षको वजेट वक्तव्यमा उल्लेखित राष्ट्रिय योजना आयोगको संयोजकत्वको समितिलाई थप क्रियाशील बनाउनु पर्दछ।

राष्ट्रिय गौरवका आयोजनाका आयोजना प्रमुखहरुको कार्य सम्पादनलाई कार्यसम्पादन मूल्यांकनसंग आवद्ध गरिनु पर्दछ।